# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुपाकोट, उदयपुर
कोशी प्रदेश, नेपाल

प.सं. ०८१/८२
च.नं.

<u>अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना</u>

तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/०९
नेपाल संम्वत: ११४५ बछलागा एकादशी(११)

यस ताप्ली गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पुर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एक जना अपाङ्गता सहयता सहजकर्ताको पदपुर्ति गर्नुपर्ने भएकोले आवश्यक न्युनतम योग्यता पुगेका ईच्छुक योग्य, नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ । यसका लागि तोकिएको दरखास्त फाराम भर्नु पर्ने सम्पुर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो एक(१) प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाण पत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको/राजश्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस ताप्ली गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ । रित नपुगेको, तोकिएको आवश्यक न्यूनतमा शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उमेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्यवं हुनु पर्नेछ ।

१. विज्ञापन नं. ०४-२०८१/०८२
२. पदः- अपाङ्ग सहायता सहजकर्ता (अपाङ्ग भएको व्यक्ति मात्रै)
३. माग संख्याः- १ (एक) जना
४. सेवाको किसिमः- करार सेवा
५. दरखास्त बुझाउने अन्तिम मितिः- २०८२/०२/१५ गते (विज्ञापन भएको मितिले ७ दिन भित्र)
६. उमेद्वारको छनौट विधिः- प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन
७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः- ताप्ली गाउँपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरि उक्त फाराम भरी कार्यालयमा बुझाउनु पर्ने छ ।
८. परीक्षा दस्तुरः- रु ३०० (अक्षरेपी तिनसय रुपैंया मात्र)

# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुपाकोट, उदयपुर
कोशी प्रदेश, नेपाल

प.सं. ०८१/८२
च.नं.

९. परीक्षा दस्तुर बुझाउने प्रकृयाः- ताप्ली गाउँपालिका राजश्व शाखामा राजश्व जम्मा गरेको भौचरसाथ पेश गर्नुपर्ने छ ।

१०. परीक्षा सञ्चालन हुने मिति,समय र स्थानः- दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको दुईदिन भित्र यस ताप्ली गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ । साथै, वेव साईटमा पनि राखिने छ।

११. आवेदन स्वीकृत/अस्विकृत तथा विज्ञापन रद्द गर्ने सम्पुर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।

१२. मासिक तलवः करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. आवश्यक न्यूनतम योग्यताः

क) नेपाली नागरिकताको प्रतिलिपि

ख) अपाङ्गता भएको व्यक्ति

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तिर्ण गरेको

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धी तालिम लिएको, वहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, जिल्लाभित्रका अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिईनेछ ।

०८२/०२/०९

.................................
मनोज कुमार मगर
प्रमुख प्रशासकीय अधिकृत